# स्वास्नीमान्छे उपन्यासमा प्रगतिवादी चेतना

**वीरेन्द्र बुढा***

**लेखसार**

*प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) को प्रगतिवादी उपन्यास 'स्वास्नीमान्छे' (२०११) को मार्क्सवादी मान्यताका आधारमा अध्ययन गरिएको छ । उपन्यासमा रहेको वर्गसङ्घर्ष, शोषित वर्गप्रतिको लेखकको सहानुभूति र वर्गमुक्ति अनि वर्गन्याय चेतनाको अध्ययन गर्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । गुणात्मक ढाँचाको यस लेखमा पाठ विश्लेषणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । समष्टि विधि (सेन्सस मेथड) बाट प्राथमिक सामग्रीका रूपमा 'स्वास्नीमान्छे' उपन्यासलाई लिइएको छ र यसबाट प्रगतिवादी विचार झल्काउने गुणात्मक प्रकृतिका शाब्दिक तथ्याङ्क सङ्कलन गरी तिनको निगमनात्मक, आगमनात्मक अध्ययनका सहायताले सामग्रीको विश्लेषण र मूल्याङ्कन गरी उपन्यासभित्रका साक्ष्य र तर्कद्वारा अध्ययनमा प्रस्तुत दाबीलाई पुष्टि गरिएको छ । द्वितीय सामग्रीका रूपमा पूर्वीय र पाश्चात्य समालोचना तथा मार्क्सवादी समालोचनासँग सम्बन्धित सामग्रीको उपयोग गरिएको छ । उपन्यासको अध्ययन गर्दा उपन्यासमा शोषक र शोषित दुई वर्गबिचको द्वन्द्व चरमसीमामा पुगी शोषित वर्गले आफ्नो मुक्तिका लागि शोषक वर्गको हत्यासमेत गर्न पुगेका छन् । शोषित वर्गहरू वर्गीय हितका लागि सङ्गठित भएका छन् । शोषित वर्गका पात्रहरूमा वर्गचेतनाको विकास भइसकेको छ । उनीहरू वर्गमुक्तिका लागि जस्तोसुकै कदम उठाउन पनि तयार छन् । अध्ययनमा उपन्यासकारले शोषित वर्गमाथि भइरहेको अन्याय अत्याचार निर्मुल गरी सुन्दर समाज निर्माणका लागि तयार हुन शोषित वर्गलाई आह्वान गरेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

वर्ग, चेतना, सङ्घर्ष, शोषित वर्ग, शाषक वर्ग ।

* उपप्राध्यापक, द्रोणाचल क्याम्पस, दैलेख ।

# [Progressive Consciousness in the Novel *Swasni Manchhe*

**Birendra Budha**

## Abstract
*In this article, the study of Hridaya Chandra Singh Pradhan's (1972-2016) progressive novel "Swasni Manchhe (2011)" is done based on Marxist beliefs. To study the class struggle presented in the novel, the empathy of the author towards the exploited class, and class liberation and class justice consciousness, materials are collected from the library. In this qualitative framework article, the analytical study method is used. Using the Census method, the "Swasni Manchhe (2011)" novel is taken as the primary tool, -- and collecting words with qualitative nature reflecting progressive thoughts from the novel, and analyzing and evaluating the tools with the help of deductive and inductive study through the evidence and arguments of the novel, the proposed claims in this study are proved. As secondary tools, materials related to eastern and western criticism and Marxist criticism are used. In the novel, the conflict between the exploited and ruling class has reached the extreme limit, and the exploited class has even murdered the ruling class for their salvation. The exploited are organized for their class interest. The characters of the exploited class have developed class-consciousness. They are ready to take any step for the salvation of their class. In this study, it is concluded that the novelist has invoked the exploited-class to be prepared for creating a beautiful society mitigating the injustice and tyranny over the exploited-class.*

## Keywords
Class, Consciousness, Struggle, Exploited class, Ruling class.]

## विषयपरिचय

*स्वास्नीमान्छे* (२०११) उपन्यासका लेखक हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) हुन् । वि.सं. १९९२ मा *शारदा* पत्रिकामा प्रकाशित 'मातृस्नेह' निबन्धबाट उनको साहित्ययात्रा आरम्भ भएको हो । प्रधान प्रगतिशील विचारधाराका सर्जक हुन् । प्रधान प्रजातन्त्रवादी मूल्य मान्यता र शोषणविहीन समाजको सुधारवादी विचार लिएर साहित्य जगत्मा प्रवेश गरेका हुन् । प्रधान नेपाली साहित्यका व्याकरण, समालोचना, उपन्यास, नाटक, निबन्ध, कथाजस्ता वाङ्मयका विविध क्षेत्रमा कलम चलाउने बहुमुखी व्यक्तित्व हुन् । उनका उपन्यास विधामा *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) दुई कृति प्रकाशित छन् । प्रधानका दुवै उपन्यास मूलतः वैचारिक पृष्ठभूमिमा सिर्जना भएका छन् । राष्ट्रिय उत्थानका निम्ति नेपालका जातजाति एवं जनताका बिचको आपसी सद्भावना होस् वा समाज र राष्ट्रप्रतिको दायित्वबोध तथा शोषण र दमनको विरोध उनका विचारधाराको मूल पक्ष हो । उनका उपन्यासमा यही चिन्तन र विचारधाराको प्रस्तुति पाइन्छ ।

उपन्यासका माध्यमबाट प्रधानले तत्कालीन नेपाली समाजमा नारीहरूले भोग्नुपरेका पुरुषका यातना, किसानहरूमाथिको आर्थिक शोषण, सामाजिक अन्धविश्वास र त्यस प्रकारका विकृतिहरूबाट मुक्तिको मार्गनिर्देश गरेका छन्। यिनी रूप पक्षभन्दा वस्तु पक्षलाई, व्यक्तिभन्दा समाजलाई, चित्रणभन्दा व्याख्यालाई र भित्रभन्दा बाहिरको जीवनलाई महत्त्व दिने शैलीका उपन्यासकार हुन्। यिनका उपन्यासमा कलुषित मानसिकता, अनुदार र अन्धविश्वासपूर्ण प्रचलनहरूको वर्णन मात्र नभई विरोध पनि छ। यिनी सामाजिक यथार्थका तटस्थ द्रष्टा मात्र नभएर त्यसका कटु आलोचक पनि हुन्। यिनका उपन्यासमा तिरस्कृत व्यक्ति, गरिब तथा तल्ला वर्गका श्रमिकहरूले सम्मानपूर्वक ठाउँ पाएका छन्। अन्याय र सामाजिक कुरीति अनुचित व्यवहारको शिकार हुनुपरेको समाजमा प्रचलित अनुदार मान्यताले गर्दा तिरस्कृत जीवन भोग्न विवश समाजमा खालि दयनीय अवस्थाको चित्रण मात्र नगरी त्यसविरुद्ध प्रतिकार गर्न पनि पाठकलाई उत्प्रेरित गर्छन्। मान्छे बिग्रने समाजको कारणले हो त्यसैले बिग्रेकाहरूप्रति सहानुभूति र बिगार्ने व्यक्ति वा समाजलाई बदल्नु उनी मुख्य कर्तव्य ठान्छन्। यसका लागि उनले अनैतिक आचरण अँगाल्न विवश गर्ने सामाजिक प्रचलनको विरोधमा व्यक्ति हत्यासमेत गर्न सकिने प्रश्रय उपन्यासमार्फत दिएका छन्। यस लेखमा विश्लेषण गरिएको *स्वास्नीमान्छे* उपन्यास पनि यही परिवेशमा लेखिएको छ।

नेपाली साहित्यमा मार्क्सवादी साहित्यको विकास २००७ सालपछि मात्र भएको देखिन्छ। २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापनाले नेपाली साहित्यमा मार्क्सवादलाई अनुकूलता प्रदान गर्ने पृष्ठभूमि तयार पारेको हो। यद्यपि २००७ सालको जनआन्दोलनले उत्पन्न गरेको प्रजातन्त्रप्रतिको उत्कट चाहना र त्ससँगै प्राप्त खुकुलो वातावरणले मार्क्सवादी साहित्य सिर्जनालाई थप अनुकलता प्रदान गऱ्यो। कलालाई कलाको रूपमा मात्रै बुझ्ने परम्परागत सौन्दर्यशास्त्रीय मान्यतालाई तोडेर निश्चित प्रकारको उद्देश्य, विचार र अन्तरवस्तुलाई प्रधान बनाई कलाका माध्यमबाट आख्यानात्मक प्रस्तुतीकरणलाई जोड दिने प्रक्रियासँगै प्रगतिवादी नेपाली साहित्य र त्यसको एक विधाका रूपमा उपन्यास लेखन प्रारम्भ हुन पुगेको देखिन्छ।

डिजन भट्टराई (२०६८) ले *नेपाली मार्क्सवादी उपन्यासका मूल प्रवृत्ति* (२०३६-२०६४) शीर्षकको शोधप्रबन्धमा नेपाली उपन्यास लेखनमा हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासले प्रगतिशीलतालाई बीजारोपण गरेको र मार्क्सवादी उपन्यास लेखनको पृष्ठभूमिको आधारस्तम्भ तयार पारेको कुरा उल्लेख गरेका छन्। यदुनन्दन उपाध्याय (२०७०) ले *हृदयचन्दसिंह प्रधानका उपन्यासमा नारी मुक्तिको बाटो* शीर्षकको लेखमा *स्वास्नीमान्छे* उपन्यासमा नेपाली समाजमा पुरुषहरूले नारीमाथि गरेका घृणित व्यवहारको चित्रण गरी त्यस व्यवहारका विरुद्ध सशक्त प्रतिकार गरेको सन्दर्भ प्रस्तुत गरेका छन्। उनले उक्त सन्दर्भलाई नारी र पुरुषबिचको आवेगजन्य प्रतिक्रियाका रूपमा उल्लेख गरेका छन् भने प्रस्तुत लेखमा उपन्यासका उक्त सन्दर्भलाई प्रगतिवादी दृष्टिकोणबाट अध्ययन गरिएको छ। भीमकुमारी श्रेष्ठ (२०७२) को *पहेँलो घाम उपन्यासको विधातात्त्विक अध्ययन* शीर्षकको शोधमा हृदयचन्द्रसिंह प्रधानको *स्वास्नी मान्छे* उपन्यासबाट नेपाली उपन्यासमा आलोचनात्मक यथार्थवादको प्रारम्भ भएको उल्लेख गरिएको छ। कृष्ण अविरल (२०७५) ले *उपन्यास लेखनमा देखिएको प्रयोगवादी धार र स्तरीयताको प्रश्न* शीर्षकको लेखमा *स्वास्नीमान्छे* (२०११) उपन्यासले नेपाली उपन्यासमा प्रगतिवादी धार भित्र्याएको कुरा उल्लेख गरेका छन्। उपर्युक्त अध्ययनहरूबाट कला सिर्जनासम्बन्धी यसप्रकारको प्रगतिवादी दृष्टिकोणलाई आधार बनाएर लेखिएको नेपाली उपन्यास लेखनलाई हेर्दा हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* नै पहिलो उपन्यास देखिन्छ। यी अध्ययनहरूबाट उक्त उपन्यासको प्रगतिवादी दृष्टिकोणबाट विभिन्न पक्षको अध्ययन गर्न बाँकी रहेको र अध्ययन गर्न आवश्यक देखिएकाले प्रस्तुत लेख *स्वास्नीमान्छे* उपन्यासलाई मार्क्सवादी दृष्टिकोणबाट अध्ययन विश्लेषण गर्ने प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ। वर्गीय

समाजका वर्गीय असमानता, नारी शोषण, दमन, उत्पीडन, अत्याचार जस्ता समस्यालाई लिएर यस उपन्यासका बारेमा प्रशस्त अध्ययन गर्न सकिने भए तापनि प्रस्तुत अध्ययन उपन्यासभित्रको वर्गसङ्घर्षको अवस्था केकस्तो छ, लेखकको कुन वर्गप्रति सहानुभूति छ र निम्न वर्गको मुक्तिका लागि उपन्यासमा कस्तो भाव व्यक्त गरिएको छ भन्ने विषयलाई मुख्य समस्याका रूपमा लिएर अध्ययन गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा रहेको छ। सामग्री सङ्कलनका लागि पुस्तकालय कार्यको उपयोग गरिएको यस लेखमा समष्टि विधि (सेन्सस मेथड) बाट हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* (२०११) उपन्यासलाई छनोट गरिएको छ। यसैबाट मार्क्सवादी धारणा झल्काउने गुणात्मक प्रकृतिका शाब्दिक तथ्याङ्क सङ्कलन गरी तिनको निगमनात्मक, आगमनात्मक अध्ययनका सहायताले पाठ विश्लेषण विधिको प्रयोग गरी सामग्रीको विश्लेषण र मूल्याङ्कनका साथ अध्ययनमा प्रस्तुत दाबीलाई उपन्यासका साक्ष्य र तर्कद्वारा पुष्टि गरिएको छ। द्वितीय सामग्रीका रूपमा पूर्वीय र पाश्चात्य समालोचना तथा मार्क्सवादी समालोचनासँग सम्बन्धित पुस्तक, पत्रिका तथा अनुसन्धनात्मक लेख र अनलाइनका सामग्रीको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यमा प्रचलित र प्रयोग हुने प्रगतिवादको आधारशिला मार्क्सवाद हो । सन् १८४८ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्रका लेखक कार्ल मार्क्स (सन् १८१८-१८८३) र फ्रेडरिक एङ्गेल्स (सन् १८२०-१८९५) को वैचारिक योगदानबाट जन्मेको ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको संश्लेषित दर्शन मार्क्सवाद हो। यो जर्मन राजनीतिशास्त्री, अर्थशास्त्री, दार्शनिक र क्रान्तिकारी विचारक मार्क्स र एङ्गेल्सका विचार र मान्यतामा आधारित सिद्धान्त हो (पौडेल, सन् २०१०)। यो सन् १९९० पूर्व संसारको निकै ठुलो हिस्सालाई प्रभावित पारेको राजनीतिक र वैज्ञानिक सिद्धान्त हो । कार्ल मार्क्सद्वारा प्रतिपादित र एङ्गेल्सद्वारा विकसित मार्क्सवाद विश्वका श्रमिक वर्गको वैज्ञानिक र क्रान्तिकारी विचार धारा हो। मार्क्सवादी विचारधाराका आधारभूत सिद्धान्तहरू पुँजीवादको आलोचना र प्रतिरोध, द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यता, इतिहासको भौतिकवादी व्याख्यालाई मानिन्छ (भट्टराई, २०६९, पृ.३२१-३२७)। समाजशास्त्र, दर्शनशास्त्र, अर्थशास्त्र र साहित्य सिद्धान्तमा यसको व्यापक प्रभाव रहेको देखिन्छ। मार्क्स र एङ्गेल्सका कला र साहित्यसम्बन्धी धारणा पोलिटिकल इकोनमीको भूमिकामा अभिव्यक्त भएको पाइन्छ। ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादका सापेक्षतामा मानव जीवन, समाज र कला साहित्यमा रहेका सुन्दर पक्षको खोजी गर्ने सौन्दर्यशास्त्रको एउटा शाखा मार्क्सवादी साहित्य चिन्तन हो। साहित्य र समालोचनामा पनि मार्क्सवादको समृद्ध परम्परा रहेको र वर्तमानमा पनि यसको प्रभाव संसारभरका समालोचक र सर्जकमा रहेको अवस्था छ। नेपाली साहित्यमा यसलाई मार्क्सवादी साहित्य, प्रगतिशील साहित्य, प्रगतिवादी साहित्य र समाजवादी यथार्थवादका नामबाट प्रयोगमा ल्याएको पाइन्छ ।

मार्क्सवादी समालोचना सिद्धान्त मार्क्स एङ्गेल्सको साहित्य चिन्तनदेखि वर्तमान समयसम्मको समग्र साहित्य एवं कला चिन्तन हो। साहित्य कलाको सैद्धान्तिक र प्रायोगिक प्रश्नमा आधारित भएर गरिएका समग्र मार्क्सवादी कला चिन्तन र तिनले विकास गरेका मान्यताहरूले नै मार्क्सवादी समालोचनाको आधार प्राप्त भएको छ (भट्टराई, २०६९, पृ.३३०-३३१)। लेखक सामाजिक

प्राणी भएकाले उनीहरूको चेतनामा सामाजिक संरचना, वर्गीय स्थिति र त्यसका वस्तुगत यथार्थले पारेको प्रभावको क्रान्तिकारी अभिव्यक्तिका रूपमा कला जन्मन्छ। लेखक, पात्र र पाठकमा त्रिकोणात्मक सम्बन्ध हुन्छ। बाहिर देखिने रूपमा त लेखक माध्यम मात्र हुन्छ जसले रचनाजन्य संसार सृष्टि गरेर पात्र र पाठकमाझ सिधा सम्बन्ध गराइदिन्छ (प्रधान, २०६१, पृ.२५९)। कलासाहित्य लेखक कलाकारको कामबाट निर्मित सामाजिक वस्तु हो र समाज परिवर्तनको संवाहक पनि हो।

मार्क्सवादी चिन्तनअनुसार मानव इतिहास वर्गसङ्घर्षको इतिहास हो। आजसम्मको समाज विकासको लडाइँ वर्गसङ्घर्ष हो। उच्चवर्गले आफ्नो वर्गहितका लागि उच्चवर्गीय वर्चस्व कायम राख्ने गर्दछ भने निम्न वर्गले त्यसको प्रतिरोध गरी आफ्नो वर्चस्व स्थापित गर्न सङ्घर्ष गर्दछ (भट्टराई, २०७७ख, पृ.४)। समाज र समाजका वर्गीय यथार्थको क्रान्तिकारी पुनर्सिर्जन गर्दै क्रान्तिकारी आदर्शको उद्बोधन गरी वैज्ञानिक समाजवादी र वर्गविहीन शोषणरहित साम्यवादी समाज निर्माणको सन्देश प्रदान गर्नु कलाको दायित्व हो।

वर्गीय समाजमा साहित्य कला पनि वर्गीय हुन्छ भन्ने मार्क्सवादी मान्यता रहेको छ। साहित्यकार आफू हुर्केको समाजको वस्तुतथ्य, वर्गीय संरचना, उत्पादन र वितरणको प्रवृत्तिसँग परिचित हुन्छ। त्यसैले साहित्यकारले समाजमा रहेका शासक वर्गका सामन्ती प्रवृत्ति, निरङ्कुशता, क्रूरता, शोषण, उत्पीडन र कुकृत्यको विरोध गर्दै शोषित, उत्पीडित, श्रमजीवी तथा सर्वहारा वर्गका पक्षमा साहित्य सिर्जना गर्दछ। साहित्यमा शोषित, उत्पीडित, शासित वर्गका प्रतिनिधिमूलक पात्र तथा सशक्त क्रान्तिकारी नायकलाई वर्गीय चेत, वैचारिक निष्ठा र क्रान्तिकारी आदर्शअनुरूप आदर्शीकरण गरिएको हुन्छ। मार्क्सवादी सौन्दर्यशास्त्रले सर्वहारावादी मानवतावादमा जोड दिन्छ (बराल, २०६७, पृ.३६)। यसले विश्वजनित सन्दर्भमा विश्वसर्वहारावादी दृष्टिकोणअनुरूप सर्वहारा वर्गको अधिनायकत्वबाट समाजवाद हुँदै साम्यवादी संसार निर्माण गर्ने सङ्कल्प साहित्यमा उद्बोधन गर्दछ।

मार्क्सवादी साहित्यिक चिन्तन निराशाको विरुद्ध आशा, अँध्यारोको विरुद्ध उज्यालोको पक्षमा आवाज उठाउने सिद्धान्त हो। यसले श्रमजीवी वर्गको पक्षधरता लिँदै वर्गसङ्घर्षको लागि अभिप्रेरित गर्छ (बराल, २०६७, पृ.३५)। साहित्यमा पात्रहरू युगसचेत, वर्गसचेत, क्रान्तिकारी, जुझारु र आशावादी चरित्रका हुनुपर्छ। तिनमा समाजका शोषण उत्पीडनमूलक प्रतिक्रियावादी यथार्थलाई बदलेर शोषणविहीन वर्गविहीन समाज अर्थात् समाजवादी र साम्यवाद सुन्दर समाज निर्माण गर्ने क्रान्तिकारी चाहना हुनुपर्दछ। यसरी मार्क्सवादी साहित्यले उत्पीडित, शोषित र उच्च वर्गबाट थिचिएका, मिचिएका, पिल्सिएका निम्न वर्गका व्यक्तिहरूको पीडालाई साहित्यमार्फत प्रस्तुत गर्ने भएकाले उक्त अध्ययनमा मार्क्सवादी साहित्यका थुप्रै पक्षहरूमध्ये उपन्यासभित्रको वर्गसङ्घर्षको अवस्था, लेखकको निम्न वर्गप्रतिको सहानुभूति र निम्न वर्गको मुक्तिका लागि उपन्यासमा व्यक्त भावका आधारमा उपन्यासको अध्ययन गरिएको छ।

## स्वास्नीमान्छे उपन्यासको विश्लेषण

*स्वास्नीमान्छे* लैङ्गिक पक्षलाई केन्द्रमा राखेर लेखिएको प्रगतिवादी उपन्यास हो। यसमा २६ ओटा परिच्छेद रहेका छन्। यस उपन्यासमा २००७ सालवरिपरिको राजनीतिक तथा सामाजिक-सांस्कृतिक सचेतनाको प्रभाव रहेको छ। सामन्ती युगबाट नयाँ युगमा सङ्क्रमण हुँदै गरेको वर्गीय जीवनकथा यस उपन्यासमा प्रकटित छ। यस अध्ययनमा उक्त उपन्यासमा रहेको वर्गको

वर्गसङ्घर्षको चित्रण, सर्वहारावर्गप्रतिको सहानुभूति र सर्वहारावर्गको मुक्ति र नवनिर्माणको अवस्थाजस्ता मार्क्सवादी मान्यतालाई आधार बनाई उपन्यासको अध्ययन-विश्लेषण गरिएको छ ।

## वर्गसङ्घर्षको चित्रण

आपसमा शत्रुतापूर्ण सम्बन्ध रहेका र वर्गको हितमा एकअर्काबिच मेल नभएका दुई वर्गबिचको सङ्घर्ष नै वर्गसङ्घर्ष हो (भट्टराई, २०७७क, पृ. ९०) । समाजमा वर्ग विभाजनका समयदेखि नै शोषण र शोषितबिच निरन्तर सङ्घर्ष हुँदै आएको छ। मार्क्सवादी साहित्य चिन्तनअनुसार वर्गीय समाजका शोषण, दमन, उत्पीडन, असमानता, विभेद, अभावग्रस्त जनजीविकाले नै वर्गसङ्घर्ष निम्त्याउँछन् । यस उपन्यासमा प्रमोद र मोहनबहादुर उच्च वर्गका प्रतिनिधि पात्र हुन् भने मोतीमाया, विनोद, मैयाँनानी जस्ता निम्न वर्गका प्रतिनिधि पात्र हुन् । नोकरचाकरसहितको बसोबास, ब्याटमिन्टन कोर्ट, बगैँचा र उच्चवर्गीय रहनसहन भएको प्रमोद र अर्थाभावको समस्या नपरेको मोहनबहादुरका माध्यमबाट उपन्यासमा उच्चवर्गको चित्रण गरिएको छ । उपन्यासमा आआफ्नो अस्तित्व बचाउनका निमित्त सङ्घर्ष भएको देखिन्छ । प्रमोदलाई वेश्या पत्नी घरमा ल्याएर राख्दा समाजले कुरा काट्ला भन्ने डर छ भने विनोद आमालाई जसरी पनि घरमा ल्याई छोड्ने सुरमा छ । ऊ समाजका विकृतिविरूद्ध सङ्घर्षशील देखिन्छ । बाबुले वेश्या भइसकेकी आमा घरमा ल्याउँदा सामाजिक समस्या हुन्छ भन्दा विनोद यस्तो जवाफ दिन्छ– "छोडिदिनुस् समाज, समाजको लफङ्गा कुरा । हृदय हुनुपर्छ, हृदय दिनुपर्छ, समाजले मानिसलाई हृदय दिएन, समाजले मानिसको हृदय बनाएन भने त्यस कुहे-सडे-मक्केको समाजलाई आगो लाउन सक्नुपर्छ । किनभने समाजको कर्तव्य मानिसलाई घिनाउन होइन, मानिसको हृदय बनाउन हो" (प्रधान, २०७५, पृ.२०६) । समाजले मानवतालाई स्थान दिनुपर्छ । यदि समाजले मानवताको पाठ सिकाउन सक्दैन भने त्यस समाजको संस्कारलाई नियमलाई ध्वस्त पारी नयाँ समाज निर्माणमा जोड दिनुपर्छ भन्ने विचार विनोदको देखिन्छ । त्यसैगरी विनोदले आमालाई बरबाद पार्ने र आफ्नो शरीर बेच्न बाध्य बनाउने भनेको त्यो दुष्ट समाज र आफ्नै पितालाई ठानेको छ :

> आमालाई बरबाद गर्ने पिता पिता होइनन् दुष्ट हुन दुष्ट्याइँको प्रोत्साहन बढेर देश र समाज बरबादीमा खस्न लाग्यो भने त्यस्ता दुष्ट पिताको पूजा गरिरहनु पाप हो । पिताको अर्थ जन्माउनु अर्थात् संसारलाई सुन्दर पारिरहनु हो, यदि यसको उल्टो भयो भने पिता पिता होइनन्, समाजद्रोही, देशद्राही, राष्ट्रहन्ता हुन् । यसैले पिताजी बलिदान हुनपरे पनि म तपाईंसित सामना गरेर समाज र मानवताको पूजा गर्छु । (प्रधान, २०७५, पृ.२०७)

पिता भनेको सिर्जना गर्ने र सिर्जित संसारलाई सुन्दर पार्ने व्यक्ति हो । यदि पिताले आफ्नो भूमिका ठिक तरिकाले निर्वाह नगरी पिताको स्थानबाट समाजद्रोही, देशद्रोहीको रूपमा प्रस्तुत भएमा उसलाई पिता मानेर पुजिरहन नसकिने भाव विनोदले प्रकट गरेको छ । विनोदले आमालाई बरबाद पार्ने पितालाई पिताको सम्मान दिन नसकिने बरु पितासित सामना गर्दा बलिदान हुनु परे पनि आफू तयार भएको विचार व्यक्त गरेको छ ।

विनोद बाबुलाई बन्दुकको धम्की देखाएर नडराउन चेतावनी दिन्छ– "बन्दुकको धम्की नदेखाउनुहोला पिताजी । कर्तव्यको वेदीमा बलि हुन पनि तयार छु" (प्रधान, २०७५, पृ.२०८) । आमालाई घरमा ल्याउने कर्तव्य गर्दा विनोद वेदीमा बली हुन तयार छ । बन्दुकले नतर्साउन ऊ बाबुलाई चेतावनी दिन्छ । त्यसैगरी मैयाँनानीले समाजका शोषित वर्गहरूलाई सम्झाउने र नमानेमा सफाया समेत गर्न सकिने भन्दै गोली प्रहार गरेकी छे– "समाज खाने कीरालाई जिउँदो राख्नु पाप हो बोल्दै मैयाँनानीले प्रमोदलाई ताकेर हानिदिइन् । प्रमोद ढलिहाले । कमलाले चिच्याउन सम्म पाएकी थिइनन्, यो काण्डको मुख्य नायिका, समाजकी कलङ्किनी तिमी हौ भनेर मैयाँनानीले

कमलालाई पनि पेस्तोल छाडेर खतम गरिदिइन्" (प्रधान, २०७५, पृ.२०८)। समाजलाई कुरूप बनाउने व्यक्तिलाई जिउँदो छोड्न नहुने भन्दै मैयाँनानीले प्रमोद र कमलालाई गोली हानेर मारेकी छे। यसरी वर्गीय स्वतन्त्रताका लागि निम्न वर्गका पात्रहरू सफाया गर्नसमेत तयार भएका छन्।

उपन्यासमा शोषक वर्गविरुद्ध शोषितहरू सङ्गठित रूपमा नै लागिसकेको कुरा मैयाँनानीको यो भनाइबाट पुष्टि हुन्छ– "पक्राउ नै परुँ केही चिन्ता छैन देशका यस्ता कचिङ्गल र काँडा पन्छाउने म एक्लै मात्र होइन, संस्था नै खडा भइसकेको छ" (प्रधान, २०७५, पृ.२१०)। शोषित वर्गकी पात्र मैयानानीले समाजका शोषक वर्गका नाइकेहरूलाई सिध्याउन पीडितहरू व्यक्तिगत मात्र नभई संस्थागत रूपमा तयार भइसकेकाले कानुनअनुसार पक्राउ परेरै भए पनि सिध्याएरै छाड्ने भाव व्यक्त गरेकी छे। यसबाट शोषितहरू शोषक वर्गलाई सिध्याउन संस्थागत रूपमा सङ्गठित भएको देखिन्छ।

शोषितहरू विभिन्न जिम्मेवारीका साथ सङ्घर्ष गर्न अगाडि बढेका छन्। बासन्ती भन्छे– "चरित्र बिगारेर हिँडेर पनि चरित्रको आदर्शको डिङ हाँकेर हिँड्ने, देशका कर्णधार बनेर देश विध्वंश गरेर हिँड्नेहरूलाई खतम गरी देश सुधार्नु मेरो विभागको कर्तव्य हो, ड्युटी हो" (प्रधान, २०७५, पृ.१७८)। शोषित महिलाहरू आफ्नो चरित्र बिगारेरै भए पनि शोषक, देशद्रोही, समाजद्रोहीजस्ता व्यक्तिहरूलाई सिध्याई समाज सुधार गर्नतर्फ अग्रसर देखिएका छन्। उनीहरू आफू बिग्रे पनि भावी पुस्ता नबिग्रोस् भनेर वर्गीय रूपमा चिन्तित छन्। त्यसैगरी बासन्ती आफूले सुरप्रसाद र अञ्जनाकुमारीलाई आफ्नो स्वार्थका लागि नभई समाज र देशको कल्याणका निम्ति र समग्र शोषित पीडित वर्गका निम्ति आफू मारिने थाहा भएर पनि मार्ने काम गरेको बताउँछे– "देशको निम्ति नाफा देखिएकाले मैले आफूले मारिने देखेर पनि देश कल्याण देश गौरवको निम्ति यिनीहरूलाई आज मैले मार्ने काम गरेकी हुँ" (प्रधान, २०७५, पृ.१७२)। देश र समाजको सुधारका लागि आफू मारिने थाहा भएर पनि समाजका कुलङ्गारहरूलाई मारेको कुरा बासन्तीले व्यक्त गरेकी छे। यसबाट शोषितहरू समाज सुधारका लागि मर्नसमेत तयार भएको देखिन्छ।

उपन्यासका उक्त सन्दर्भहरूबाट उपन्यासमा शोषक र शोषित दुई वर्गबिचको द्वन्द्व चरमसीमामा पुगी शोषित वर्ग आफ्नो मुक्तिका लागि आफू बलिदानी हुने र शोषक वर्गको हत्या गर्नसमेत तयार भएको देखिन्छ। मैयाँनानी, बासन्ती, विनोदजस्ता शोषित वर्गका पात्रहरू वर्गीय हितका लागि सङ्गठित भएको देखिन्छ। उपन्यासमा वर्गसङ्घर्षका निम्ति मैयाँनानी, बासन्ती विनोदलाई प्रमुख पात्रका रूपमा उभ्याइएको छ।

## शोषित वर्गप्रतिको सहानुभूति

वर्गमा विभाजित समाज शोषणमा आधारित हुन्छ। वर्गहितका लागि एउटा वर्गले आफ्नो अवस्था मजबुत बनाउने क्रममा नै शोषणको रूप बदलिँदै जान्छ (भट्टराई, २०७७, पृ.९५)। मार्क्सवादी चिन्तनअनुसार वर्गीय समाजमा साहित्य र कला पनि वर्गीय हुन्छ। स्रष्टामा युगबोध, वर्गबोध र क्रान्तिकारी चेतना हुन्छ। समाजका निरङ्कुशता, शोषण, उत्पीडन र कुकृत्यको विरोध गर्दै शोषित, उत्पीडित वर्गप्रति सद्भाव, प्रेम, श्रद्धा र समवेदनाको भाव प्रकट गर्दै उनीहरूकै पक्षमा साहित्य सिर्जना गरिन्छ। स्वास्नीमान्छे उपन्यासमा पनि गरिब, शोषित, उत्पीडित वर्गका पक्षमा आवाज बुलन्द पार्दै उनीहरूप्रति सहानुभूति प्रकट गरिएको छ। उपन्यासमा मोतीमाया, विनोद, नानीप्राणका माध्यमबाट शोषित वर्गको करुण परिस्थितिलाई उपन्यासकारले सहानुभूतिशील ढङ्गमा प्रस्तुत गरेको पाइन्छ भने अर्कातिर यसका विपरीत प्रमोद, मोहनबहादुरका माध्यमबाट शोषक वर्गप्रति घृणा र आक्रोश व्यक्त गरेको पाइन्छ। मोतीमायाको यस्तो कारुणिक अवस्था सिर्जना गरेर

उपन्यासकार पाठकमा मोतीमाया र विनोदप्रति सहानुभूति जगाउन सफल देखिन्छन्– "धेरै दिनदेखि तेल हाल्न नपाएकाले मोतीमायाको कपाल जिङ्ग्रिङ्ग भइरहेको थियो। झुत्रो लुगा र खोल नभएको दोलाइँ सिवाय मोतीमायाको आङमा अरू न्यानो कपडालत्ता केही थिएन" (प्रधान, २०७५, पृ.९–१०)। मोतीमायाको यस्तो दयनीय अवस्थाले पाठकवर्गमा करुणा पैदा गरी मोतीमाया प्रति सहानुभूति जगाइएको छ। त्यस्तै विनोदको अवस्थाले पनि पाठका करूणा जगाएको छ– "खोल नभएको सिरकको प्वालबाट जाडोले विनोदको मुटु च्यापिदिएकाले निद्रादेवी भागिदिइन्" (प्रधान, २०७५, पृ.११)। विनोदले चिसो मौसममा पनि पूरा जिउ छोपिने गरी ओढ्ने कपडा पाएको छैन। जसले गर्दा उसलाई निद्रा नै लागेको छैन। त्यसैगरी विनोदको यो भनाइबाट पनि उसको अवस्था कारूणिक देखिन्छ– "समातृ भएर पनि म मातृहीन छु, सनाथ भएर पनि म अनाथ छु, टुहुरो छु" (प्रधान, २०७५, पृ.१८९)। विनोद आमाबाबु भएर पनि मातृहीन र टुहुरोजस्तो भएको छ। उसले आमा बाबुबाट पाउनुपर्ने माया पाएको छैन। विनोदको यस्तो अवस्था देखेर पाठकमा करुणा पैदा हुन्छ।

मोतीमायालाई आफ्नो शरीर बेची जीवन निर्वाह गर्न बाध्य बनाउनमा प्रमोद र समाजकै हात रहेको कुरा उपन्यासमा देखाइएकाले प्रमोदप्रति पाठकमा घृणा पैदा हुन जान्छ। विनोद भन्छ– "रण्डी बनाउन तपाईं नै हुनुहुन्छ। तपाईंले जबर्जस्ती सतीलाई रण्डी बनाइदिनुभयो। तपाईंले मेरी आमाको जीवन नष्ट गर्नुभयो। तपाईंले आमालाई मात्र होइन समाजको सुरक्षा गरी समाजलाई नेपाललाई समेत बरबाद गरिरहनुभएको छ राष्ट्रमा कलङ्क लगाइरहनु भएको छ" (प्रधान, २०७५, पृ.१९१)। प्रमोद नारीको जीवनलाई नरक बनाउने, समाजलाई भ्रष्ट बनाउने, सुन्दर परिवारलाई विध्वंस गर्ने र देशलाई समेत बरबाद पार्ने राष्ट्रको कलङ्कका रूपमा देखिन्छ। जसबाट पाठकमा प्रमोदप्रति घृणा पैदा भएको छ।

उपन्यासको अर्को शोषक पात्र मोहनबहादुरप्रति घृणा जगाउन उसलाई यसरी उपस्थित गराइएको छ– "नृसिंह भएर मोहनबहादुरले भने, 'सम्हालेर भनेस्, सम्हालेर जिभ्रो फट्कार, जे पायो त्यो मुख नछाड्। तँ रण्डीले टाउको कुल्चाउन, तँ फुँडीले जे पनि भनेको मान्न र सहनलाई जन्मिरहेको होइन। तँजस्ती हजार स्वास्नी नचाउन ल्याउने खुबी अझै छ'" (प्रधान, २०७५, पृ.१३६)। मोहनबहादुर आफूले जे भने पनि मोतीमायाले सहनुपर्ने तर मोतीमायालाई आफ्नो पीडा पनि व्यक्त गर्न पनि नदिने नृसिंहका रूपमा प्रस्तुत भएको छ। मोहनबहादुरको यस प्रवृत्तिबाट पाठकमा उसप्रति घृणा र आक्रोश पैदा हुन जान्छ।

उपर्युल्लिखित सन्दर्भहरू हेर्दा उपन्यासमा शोषितवर्गका पात्र मोतीमाया, विनोद, नानीप्राणप्रति उपन्यासकारको सहानुभूति छ भने शोषकवर्गका पात्र प्रमोद र मोहनबहादुरप्रति घृणा र आक्रोश देखिन्छ। प्रमोदले मोतीमाया र विनोदमाथि गरेको दुर्व्यवहारले पाठकमा प्रमोदप्रति घृणा आक्रोश अनि मोतीमाया र विनोदप्रति दया, माया उत्पन्न हुन्छ। त्यसै गरी मोहनले मोतीमायालाई घरबाट निकाल्दा मोतीमायाप्रति करुणा र मोहनबहादुरप्रति घृणा उत्पन्न हुन्छ। यसरी उपन्यास शोषकवर्गप्रति घृणा र शोषित वर्गप्रति सहानुभूति जगाउन सफल देखिन्छ।

## वर्गमुक्ति र वर्गन्यायको चेतना

वर्गचेतना मार्क्सवादी वर्गसम्बन्धी मान्यताको आधारभूत पक्ष हो। वर्गचेतना भन्नाले सर्वहारा वर्गको सदस्य हुनुको आत्मबोध भन्ने बुझिन्छ (भट्टराई, २०७७ख, पृ.९३)। मार्क्सवादी चिन्तनअनुसार वर्गीयसमाजमा शोषित वर्गको मुक्तिको चाहना गरिएको हुन्छ। शोषक वर्गलाई सामाजिक व्यवस्था लुटको स्वर्ग बनाउने चाहना हुन्छ भने शोषित वर्गलाई गरिबी, अभाव,

सङ्कटग्रस्त जनजीविका, शोषण र उत्पीडनबाट मुक्ति पाउने चाहना हुन्छ। साहित्यमा त्यस्ता प्रतिनिधमूलक पात्रलाई लिएर उनीहरूको वर्गीय चेतना, प्रतिबद्धता, निष्ठा, सङ्घर्ष र बलिदानलाई आदर्शीकरण गरिएको हुन्छ। साहित्यमा तिनै शोषित, उत्पीडित वर्गका वर्गीय चेतना, क्रान्तिकारी दृष्टिकोणमार्फत समाजको नवनिर्माणका लागि उद्‌बोधन गर्नुपर्दछ। स्वास्नीमान्छे उपन्यासमा वर्गमुक्तिको लागि स्वयम् शोषित वर्ग नै सचेत हुनुपर्ने आह्वान गरिएको छ। सुधारको प्रयत्न गर्दा सजिलै सुध्रिन नचाहने, दुष्कर्मी भएर पनि अझ दम्भ प्रदर्शन गर्नेहरूलाई यहाँ ध्वंश गरिएको छ र ध्वंशबाट नै पुनर्निर्माणलाई जोड दिएको देखिन्छ।

उपन्यासमा मोतीमाया, विनोद, मैयाँनानी, बासन्तीजस्ता शोषितवर्गका पात्रहरूमा वर्गमुक्तिका लागि वर्गचेतनाको विकास भएको देखिन्छ। आफ्नो छोरा विनोदलाई सौता कमलाले पिट्न खोज्दा मोतीमाया बघिनी भएर एक्कासि कमलाको कोठाभित्र पस्छे र भन्छे– “अर्काको छोरालाई त्यसै पिट्न पाइन्न, के गरेको छ उसले पिट्नलाई” (प्रधान, २०७५, पृ.२५) ? मोतीमायाको मातृत्वले छोराप्रति कमलाले गरेको व्यवहार सहन गर्न सकेको छैन। आफ्नो छोरालाई पिट्न खोज्ने कमलासँग प्रतिवाद गर्नुपर्छ भन्ने चेतनाको विकास मोतीमायामा भएको देखिन्छ। त्यसैगरी बासन्तीले सुरप्रसाद र अञ्जनाकुमारीलाई मारिसकेपछि आफूले बहुलाएर वा अन्जानमा मारेको नभई अपराधी भएको थाहा पाएर नै देशको गौरव बचाउनका लागि मारेको बताएकी छे– “यिनीहरूलाई मैले बहुलाएर मारेकी होइन मार्नैपर्ने भएको हुनाले, यिनीहरू साह्रै अपराधी र धोकेबाज भएका हुनाले मारेकी हुँ। ‘मैले यिनीहरूलाई मार्नाका निम्ति मात्र मारेकी होइन, मर्न लागिरहेको देशको चरित्र, गौरव र आत्मालाई बचाउनुको निमित्त मात्र यसरी सभामा आएर मारेकी हुँ’” (प्रधान, २०७५, पृ.१७१-१७४)। बासन्तीले सुरप्रसाद र अञ्जनाकुमारीलाई बेहोसमा नभई जानेर नै मारेकी छे। उनीहरूलाई नमारेसम्म समाज सुधार हुँदैन र शोषित वर्गले न्याय पाउन सक्दैन भन्ने चेतनाको विकास भएर नै उसले मारेको देखिन्छ। यसबाट शोषित वर्गका पात्रहरूमा वर्गमुक्तिका लागि शोषकहरूलाई सिध्याउनुपर्छ भन्ने चेतनाको विकास भएको देखिन्छ।

मैयाँनानीले मोतीमायालाई सम्झाउँदै हामी आफू बिग्रे पनि अरूलाई बिग्रन नदिनका लागि पनि बाँच्नुपर्छ, देशहितका लागि काम गर्नुपर्छ भनेकी छे– “रण्डी भएरै पनि कसैलाई बिगार्नुको सट्टा बनाउन सकिन्छ भने देशहितको तत्त्व किन नबन्नु” (प्रधान, २०७५, पृ.१६७) ? मैयाँनानीले वर्गहित, समाजहित र देशहित हुन्छ भने एकदुई जना बिग्रे पनि केही हुँदैन भनेकी छे। आफू बिग्रेर पनि वर्गीय शोषणलाई मुक्त गर्नुपर्छ भन्ने चेतनाको विकास पात्रहरूमा भएको छ। मैयाँनानी आफू समाज तथा देशको उद्धारका लागि अघि बढिसकेकाले जेल जानु र मर्नु सामान्य भएको विचार व्यक्त गर्छे– “हाम्रो निम्ति जेल जानु र मर्नु केही दुःखको कुरा होइन किनभने चरित्रनिर्माण र सुव्यवस्था स्थापना गरी हामीले देश उद्धारको लागि कदम उठाइसकेका छौं” (प्रधान, २०७५, पृ.१७९)। देश तथा समाजमा सुव्यवस्था कायम गर्न जेल जान र मर्न तयार हुनुपर्ने मैयाँनानीको विचार देखिन्छ। देश तथा समाज उद्धारको कदम उठाउनुपर्छ भन्ने चेतनाको विकास उसमा भइसकेको छ। उसका विचारमा शरीर बेच्नु पैसा कमाउनका लागि मात्र नभई समाज सुधार्नका लागि हो भन्ने देखिन्छ– “रण्डी भएर पनि हाम्रो ध्येय र उद्देश्य समाज सिँगार्नु छ” (पृ.१९७)। शरीर बेच्ने कार्य पैसा कमाउनका लागि नभएर समाज सिँगार्नका लागि हुनुपर्छ भन्ने भाव मैयाँनानीको देखिन्छ। ऊ अदालतमा बयान दिँदै भन्छे– “अब हामी मार्नु हिंसा र नमार्नु अहिंसा भन्ने कुरामा छैनौं, बरु कायर भई अत्याचारलाई प्रोत्साहन दिनुलाई हिंसा र वीरतासाथ त्यसको दण्ड दिने कामलाई अहिंसा सम्झन्छौं किनभने एकलाई मारेको हिंसाले लाखौंको सुरक्षा भई अहिंसा हुन जान्छ (पृ.२१५-२१६)। अरूका विचारमा मार्नु हिंसा र नमार्नु अहिंसा भए पनि आफ्ना विचारमा त्यो नभएको कुरा मैयाँनानीले बताएकी छे। समाजको एक शोषक, सामन्त, अत्याचारीलाई मार्दा

लाखौँको सुरक्षा भएर समाजमा हिंसा हुँदैन । त्यसैले समाजका अत्याचारीलाई मार्नु अहिंसा भएको तर्क उसले प्रस्तुत गरेकी छ । यसबाट वीरताका साथ अत्याचारीलाई सफाया गर्न तयार हुनुपर्छ भन्ने चेतनाको विकास शोषित वर्गमा भएको देखिन्छ ।

उपन्यासका उपर्युक्त सन्दर्भहरूबाट शोषित वर्गका पात्रहरूमा मुक्तिका लागि वर्गचेतनाको विकास भइसकेको देखिन्छ । मैयाँनानी, लीला, बासन्तीहरू वर्गीय रूपमा सङ्गठित छन् । उनीहरू वर्गमुक्तिका लागि जस्तोसुकै कदम उठाउन पनि तयार देखिन्छन् । यसबाट उपन्यासकारले शोषित वर्गमाथि भइरहेको अन्याय हटाई सुन्दर समाज निर्माणका लागि तयार हुन शोषित वर्गलाई सङ्गठित हुन आग्रह गरेको देखिन्छ ।

## निष्कर्ष

प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित *स्वास्नीमान्छे* उपन्यासको मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गरिएको यस लेखमा समाजमा रहेको शोषक वर्गले गरेको अन्याय, अत्याचार, शोषण, दमनका विरूद्ध शोषित वर्गलाई उठ्न उपन्यासकारले गरेको आह्वानलाई विविध ढङ्गले चर्चा गरिएको छ । उपन्यासमा रहेका शोषक वर्गका प्रमोद र मोहनबहादुरका विरुद्ध शोषित वर्गका रूपमा रहेका मोतीमाया र विनोदलाई विद्रोह गर्न लगाइएको छ । मैयाँनानी र बासन्ती जस्ता पात्रहरू शोषित वर्गका भएकाले त्यस वर्गका निम्ति आफ्नो बलिदानी दिन तयार भएका छन् । मोतीमाया र उनको छोरा विनोद प्रमोदबाट पीडित छन् । प्रमोदले कान्छी श्रीमती कमलाका भनाइमा लागेर उनीहरूमाथि अत्याचार गरिरहेको छ । प्रमोदको अत्याचारबाट उम्कन खोज्दा मोतीमाया मोहनबहादुर जस्तो गुण्डाको चङ्गुलमा फसेकी छे । मोहनबहादुरले पनि चुसेर फ्याँकिदिएपछि मोतीमाया वेश्यालयमा पुगेकी छे । विनोद आमाको ममताबाट वञ्चित छ । यसकारण उपन्यासमा मैयाँनानी, बासन्ती, नानीप्राणजस्ता पात्रहरूलाई वेश्या बन्न बाध्य पार्ने समाजले नै प्रगति रोकिरहेको भनाइ उपन्यासकारको छ । उपन्यासमा शोषक र शोषितबिचको वर्गसङ्घर्ष चरमोत्कर्षमा पुगेको छ । शोषित वर्गको प्रतिनिधित्व गर्ने मोतीमाया र विनोदको सहयोगीका रूपमा आएकी मैयाँनानीले शोषकको प्रतिनिधित्व गर्ने प्रमोद र कमलाको हत्या गर्नुले उक्त कुरा पुष्टि गर्दछ । उपन्यासमा लेखकको सहानुभूति शोषित वर्गप्रति नै छ । मोतीमाया र विनोदमाथि भएको अन्यायविरूद्ध उनीहरूलाई पटकपटक उठ्न आग्रह गरिएको छ । हीराज्यानमार्फत मोतीमायालाई नालेस दिन उक्साउनेदेखि विनोदलाई बाबुविरुद्ध बोल्न लगाएकाले उक्त कुरा पुष्टि हुन्छ । मैयाँनानी, बासन्तीजस्ता पात्रहरूले सङ्घर्ष समाज र देशका लागि सङ्घर्ष गर्नुपर्ने अभिव्यक्ति प्रकट गरेकाले निम्न वर्गका पात्रहरूमा वर्गीय चेतनाको विकास भइसकेको देखिन्छ । उपन्यासको अन्त्यमा मैयाँनानीजस्तै बन्न शोषित वर्गलाई आह्वान गरिएको छ । समाजका शोषित, पीडित, हेपिएका, चेपिएका, पिल्सिएका वर्गलाई शोषक सामन्तविरुद्ध सङ्घर्ष गर्न र आवश्यक परेमा ज्यान आहुति दिन पनि पछि नपर्न उपन्यासमा उत्प्रेरित गरिएको छ । उपर्युक्त तथ्यहरूलाई हेर्दा उपन्यासमा प्रगतिवादी चेतना जागृत भएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अविरल, कृष्ण (२०७५). उपन्यास लेखनमा देखिएको प्रयोगवादी धार र स्तरीयताको प्रश्न. *साहित्य सङ्ग्रहालय.* Retrieved from https://sahityasangraha.com/2018/11/07.

उपाध्याय, यदुनन्दन (२०७०). हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारी मुक्तिको बाटो. *समकालीन साहित्य. https://www.samakalinsahitya.com/sahitya/details/4443.*

पौडेल, प्रेमसागर (सन् २०१०). प्रगतिवादका दार्शनिक आधारहरू. https://sagarcreation.blogspot.com/2010/07/blog-post.html.

प्रधान, कृष्णचन्द्रसिंह (२०६१). *नेपाली उपन्यास र उपन्यासकार* (चौथो संस्क.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०७५). *स्वास्नीमान्छे*. काठमाडौँ : इन्डिगो इन्क प्रा. लि. ।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तर आधुनिकतावाद* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

भट्टराई, डिजन (२०६८). *नेपाली मार्क्सवादी उपन्यासका मूल प्रवृत्ति (२०३६-२०६४)*. (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय, त्रि. वि. कीर्तिपुर । Retrieved from http://103.69.125.248:8080/xmlui/bitstream/handle/123456789/488/90%20Dr.Dijan%20Bhattarai.pdf?sequence=1&isAllowed=y.

भट्टराई, रमेशप्रसाद (वैशाख-जेठ-असार, २०६९). मार्क्सवाद र साहित्य सिद्धान्त. *भृकुटी, १५,* ३१९-३४९।

भट्टराई, रमेशप्रसाद (२०७७क). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण*. काठमाडौँ: भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ख). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*. काठमाडौँ: भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, भीमकुमारी (२०७२). *पहेँलो घाम उपन्यासको विधातात्विक अध्ययन*. (अप्रकाशित स्नातकोत्तर शोधपत्र). मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर । https://sahityasangraha. com/2018/07/20.